**प्रधान कार्यालय, सामान्य सेवा बिभाग**

**घर भाडामा लिने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०७७/०७/२०)

यस बैंकको शाखा कार्यालय संचालनको लागि देहाय अनुसार स्थानहरुमा व्यापारिक क्षेत्रको मुख्य सडकमा अवस्थित घरको भुई तल्ला/पहिलो/दोश्रो तल्लाको करीब २००० देखि २५०० वर्गफिट सम्म क्षेत्रफल भएको घर आवश्यकता भएकोले घर बहालमा दिन ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीले तोकिए बमोजिमको ढाँचामा सिलबन्दी प्रस्ताव पेश गर्नहुन अनुरोध गरिन्छ ।

तपशिल

| क्र.सं. | प्रस्तावित शाखा कार्यालय | ठेगाना | प्रस्तावित क्षेत्र | फारम बुझाउने स्थान र अन्तिम मिति |
|---|---|---|---|---|
| १. | कलंकी शाखा (३१०) | काठमाण्डौं महानगरपालिका वडा नं:- १४, कलंकी, काठमाण्डौं । | काठमाण्डौं महानगरपालिका वडा नं:- १४, कलंकीचोक बाट पूर्व कालिमाटी जाने तर्फ २०० मिटर, कलंकीचोक बाट उत्तर- दक्षिण रिङ्गरोड जाने तर्फ २०० मिटर, कलंकीचोक बाट पश्चिम थानकोट जाने तर्फ २०० मिटर, मुख्य बजार सडकको दायाँ बायाँ क्षेत्र भित्रको घरहरु । | नै.बैं.लि.,प्रधान कार्यालय, सामान्य सेवा विभाग, काठमाडौं । मिति २०७७-०८-०४ गते कार्यालय समय भित्र । |
| २. | काँडाघारी शाखा (३११) | कागेश्वरी मनोहरा नगरपालिका वडा नं:- ९, काँडाघारी, काठमाण्डौं । | कागेश्वरी मनोहरा नगरपालिका वडा नं:- ९, सनराईजचोक देखी लाहुरेचोक सम्म मुख्य बजार सडकको दायाँ बायाँ क्षेत्र भित्रको घरहरु । | नै.बैं.लि.,प्रधान कार्यालय, सामान्य सेवा विभाग, काठमाडौं । मिति २०७७-०८-०४ गते कार्यालय समय भित्र । |

**आवश्यक शर्त /सुविधाहरु :**

१ .प्रस्तावित घर RCC Frame Structure को हुनुपर्नेछ ।
२. पानी, बत्ती, बाटोको व्यवस्था भएको हुनुपर्नेछ ।
३. भवनको भुई तल्लामा ATM र जेनेरेटर राख्ने स्थान उपलब्ध भएको हुनुपर्नेछ ।
४. सम्बन्धित निकायबाट घरको नक्सा पास भएको तथा निर्माण सम्पन्न प्रमाणपत्र लिएको हुनुपर्नेछ ।
५. सडक निमार्णको मापदण्ड भित्र नपर्ने भएको हुनुपर्नेछ ।
६. प्रस्तावित घरको सम्बन्धमा कुनै प्रकारको भै झगडा तथा मुद्दा मामिला नभएको हुनुपर्नेछ ।
७. घर भाडामा दिने न्यूनतम समायावधि १० वर्ष र त्यसपछि नविकरण गर्न सकिनेछ ।
८. फर्म तथा कम्पनीको नाममा रहेको घर भाडामा दिने भएमा फर्म दर्ता प्रमाण पत्र, PAN तथा संचालक समितिको निर्णय पेश गर्नुपर्नेछ ।
९. पार्किङ्ग सुविधा सहितको प्रस्तावित घरलाई विशेष ग्राहयता दिईनेछ ।

**दरखास्तकासाथ संलग्न हुनुपर्ने कागजातहरु :**

१. प्रस्तावित मासिक घर भाडा रकम (कर समेत) स्पष्ट रुपमा खुलाइएको घरधनीको प्रस्ताव ।
२. घर जग्गाको ब्लु प्रिन्ट तथा ट्रेस नक्सा ।
३. घर भएको क्षेत्र स्पष्ट देखिने लोकेशन म्याप नक्सा ।
४. घरको नाप सहितको नक्सा तथा नक्सा बमोजिमको घर हुनुपर्नेछ ।
५. भवन आचार संहिता सहितको Strucutral Drawing ।
६. घरको फोटो र घरको स्वीकृत नक्सा पासको प्रमाणपत्रको प्रतिलिपी ।
७. लालपूर्जा तथा घर धनीको नागरिकताको प्रतिलिपी ।

**नोट :**

१. सिलबन्दी प्रस्ताव ढाँचा (निवेदन फाराम) यस बैंकको सामान्य सेवा विभाग वा बैंकको वेबसाईट www.nepalbank.com.np/notice बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
२. उपरोक्त सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस बैकको प्रधान कार्यालयको सामान्य सेवा विभागको टेलिफोन ०१४२२९६९२ (एक्सटेन्सन नं. ११४, ५४६) मा सम्पर्क गर्न सकिनेछ ।
३. प्राप्त भएको प्रस्तावहरुमा अंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । साथै स्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैक बाध्य हुने छैन ।